(Nepali)

*शनिबार, मे २१, २०२२*

*बफलो पब्लिक स्कूलहरु (BPS) लर्निङ्ग कम्यूनिटीका सम्पूर्ण सदस्यहरुमा मेरो अभिवादन,*

*यो गत हप्ता, हामीले बफलो पब्लिक स्कूलहरुले सामना गरेको सबैभन्दा दुःखद र गाह्रो समय भएको छ। दश सुन्दर जीवनहरुको मूर्खतापूर्ण र भयानक क्षतिले, यो चरम आघात र व्याख्या गर्न नसकिने शोकले भरिएको छ।*

*घृणा कुनै पनि रुपमा अस्वीकार्य छ र विष सरह हानिकारक हुन्छ! हाम्रो कुनै पनि विद्यालयमा, कुनै पनि रुपमा घृणालाई हामीले सहने छैनौँ। म सबै* बि.पी.*यस. (BPS) का कर्मचारीहरुलाई, विद्यार्थीहरु तथा परिवारहरु, र समुदायका सदस्यहरुलाई घृणाका सबै सन्देशहरुलाई रिपोर्ट गर्न आग्रह गर्दैछु, जसलाई उनीहरुले अनुभव गरेका वा देखेका हुन सक्छन्। यो बुझ्नु महत्त्वपूर्ण छ कि मौन रहनु भनेको यस दुष्कार्यमा संलग्नता देखाउनु हो, र हामी दुष्ट र गलत काममा संलग्न हुनु हुँदैन। मेरो बिन्ती छ कि "यदि तपाइँ केहि देख्नुहुन्छ वा सुन्नुहुन्छ ... यसलाई छिट्टै रिपोर्ट गर्नुहोस् ...!"! अरु कसैले रिपोर्ट गर्ने छ भनेर आशा गर्दै चुप लगेर नबस्नुहोला।* ***हामीले सकारात्मक कुराहरु देख्न चाहेको खण्डमा, हामी स्वयं परिवर्तन हुनुपर्छ !*** *हाम्रा बालबालिकाहरुको उज्ज्वल भविष्यको लागि यो चाहिन्छ!*

*यस गत हप्तामा, हामीले हाम्रो "असल छिमेकीहरुको शहर" मा मैले पहिले कहिल्यै नदेखेको जस्तै अटल दया र सबै जना एकजुट भएर एकसाथ आउँदै गरेको देख्यौं! यस्तो सत्भावले गहिरो निराशाको यो क्षणमा पनि हामी सबैलाई उज्ज्वल भविष्यको लागि आशा दिन्छ।*

*हाम्रा* बि.पी.*यस. (BPS) का कर्मचारीहरु प्रति मैले धेरै नै गर्व महसुस गरेको छु भनेर म यस सूचना मार्फत उल्लेख गर्न चाहन्छु। हरेक कर्मचारीलाई मेरो सलाम! यो गत हप्ता तपाई एक जुट भएर सँगै आउनुभयो: यस दुखद घटनाको कारण तपाईको आफ्नै शोकबाट पीडित हुँदा पनि तपाईहरु हाम्रा सुन्दर विद्यार्थीहरुको हेरचाह गर्न, सिकाउन र समर्थन गर्न पछि पर्नु भएन। मैले देखेको व्यवसायिक परिश्रम र हाम्रो समुदाय प्रतिको विशुद्ध चिन्ता, कक्षामा उत्कृष्ट तरिकाले देखिएको छ! धन्यवाद!*

*हाम्रा बि.पी.यस. (BPS) का विद्यार्थीहरु र परिवारहरुलाई निवेदन गर्दैछु कि कृपया लचिलोपन, विश्वास र साहस प्रदर्शन गर्ने कार्यलाई निरन्तरता दिनुहोला। मलाई थाहा छ यो गत हप्ता भ्रामक, डरलाग्दो थियो, र यसले तपाईमा चिन्ताको भावनालाई जगाएको हुनसक्छ... जुन स्वाभविक पनि हो! तर, यसका बाबजुद पनि तपाईले तपाईको शिक्षा महत्वपुर्ण छ भनेर हाम्रो देशलाई देखाउनुभएको छ र साथै हामीले घृणित हिंसाका कार्यहरुलाई बि.पी.यस.(BPS) को उदेश्य र लक्ष्यमा बाधा पुर्‍याउने अनुमति दिँदैनौं! म तपाईप्रति धेरै नै कृतज्ञ छु। हामीलाई थाहा छ कि तपाईसँग उज्ज्वल र सफल भविष्यको लागि आशा र सपनाहरु छन्, र हामी प्रत्येकलाई तपाईको सबै लक्ष्यहरुमा पुग्न मद्दत गर्न तपाईको जीवनमा शिक्षकहरुको रुपमा हाम्रो भूमिकालाई गम्भीरताका साथ लिन्छौं।*

*अन्तमा, हाम्रा स्कूलमा आधारित सामुदायिक साझेदारहरुलाई एउटा सानो संदेश; साँचो साझेदारीको अर्थलाई मूर्त रुप दिँदै, तपाई हामीसँग काँधमा काँध मिलाएर उभिनुभएको छ! कर्तव्यको आह्वानलाई पूरा गरेकोमा र हाम्रा विद्यालयहरुका बालबालिका तथा कर्मचारीहरुलाई उदारदायी र विचारशील सहयोग प्रदान गर्नुभएकोमा धन्यवाद। ... र हामी अझै पनि उठ्छौं!*

*भवदीय,*
*डा.टोन्या यम. विलियमस्,*
*अस्थायी सुपरिवेक्षक, सुपरिटेन्डेन्ट*
*बोधार्थः शिक्षा बोर्डका सदस्यहरु*